**राष्ट्रिय योजना** आयो**गका माननीय उपाध्यक्ष श्री दीपेन्द्रवहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६८/८/२८ गते बसेको बैठकमा भएको छलफल तथा निर्णयहरू ।**

१. कोलम्बो प्लानका महासचिवले राष्ट्रिय योजना आयोगको सदस्य सचिवको नाममा लेखेको १३ डिसेम्बर, २०११ को पत्र बैठकमा जानकारीको लागि प्रस्तुत गरियो । उक्त पत्रमा कोलम्बो प्लानको ४३ औं परामर्शदातृ बैठक (Consultative Committee Meeting) अक्टोबर, २०१२ मा इण्डोनिशयामा हुने र उक्त बैठकमा नेपाल उपाध्यक्षमा छानिने जानकारी भएको । साथै, ४४ औं परामर्शदातृ बैठक सन् २०१४ मा नेपालले आयोजना गर्न प्रस्ताव गरिएको विषय स्वीकृत भएको व्यहोरा उक्त पत्रमा उल्ले गरिएको कुरा जानकारी भयो ।

२. सामाजिक विकास महाशाखाबाट प्रस्तुत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त मातृ तथा वाल स्वास्थ्य (खोप समेत) कार्यक्रम सशक्ति,करणका लागि SAARC Development Fund बाट अमेरिकी डलर २१५२५१७८५ बराबरको अनुदान सहायता लिई कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल हुँदा सहमति दिने निर्णय भयो ।

३. राष्ट्रिय योजना आयोग र राष्ट्रिय योजना आयोगको सचिवालयबट जिल्लाहरूमा स्थलगत अनुगमनमा जाने पदाधिकारी एवं कर्मचारीहरूले भ्रमण प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नुपर्ने निर्णय गरियो ।